# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५।७६

च.नं. १२३८

मिति :- २०७५/११/२७

श्री बुद्धभुमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कपिलबस्तु ।

**बिषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. १०९६ मिति २०७५/१०/२३ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम मिति २०७५/१०/२८ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा क्रमश: कालोपत्रे, ग्राभेल सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा यस बोर्डको यस बोर्डको कार्यकारी समितिको मिति २०७५/११/२६ को निर्णयानुसार सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यकमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यक्रमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई (कि.मि.) | मर्मत लम्बाई (कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले व्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | टिक्कर बुड्ढी विजगौरी सडक | कालोपत्रे | २०.० | ९.४ | १,९९९,९६२.७६ | १,३९९,९७३.९३ |
| २ | लोकमार्ग ५५ कि.मि. देखि हरिहरपुर गाउँ वडा कार्यालय जाने सडक | ग्राभेल | २.५ | १.४ | १,४९९,९६०.८९ | १,०४९,९७२.६२ |
| ३ | लोकमार्ग बडहरा वन कार्यालय देखि उत्तर मोर्मागाउँ जाने सडक | ग्राभेल | २.३ | १.५ | १,४९९,८९३.१४ | १,०४९,९२५.२० |
| जम्मा | | | | | ४,९९९,८१६.७९ | ३,४९९,८७१.७५ |

इ. कृष्ण सिंह. बस्नेत
कार्यकारी निर्देशक

**बोधार्थ :**

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल तथा स्थानीयनिकायबीच सडक मर्मत संभार कार्यको लागिगरिएको समझदारी पत्र

**(Memorandum of Understanding)**

सडक बोर्ड नेपालको तर्फबाट प्रतिनिधित्वगर्ने **कार्यकारी निर्देशक**(त्यसपछि प्रथमपक्षभनेर संवोधनगरिएको) र सम्बन्धित.**बुद्धभूमी नगरपालिका**को तर्फबाट प्रतिनिधित्वगर्ने प्रमुख प्रशासकिय अधिकृत(त्यसपछि दोश्रो पक्षभनेर संवोधनगरिएको) बीच यो समझदारी कायम भएको छ ।

१. सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१,सार्वजनिकखरिद ऐन २०६३, सार्वजनिकखरिद नियमावली २०६४, कार्यकारी समितिको निर्णय तथानिर्देशनको परिधिभित्र रहीसावधानीपूर्वक एवम् दक्षताका साथकार्य गर्न/गराउनआवश्यकश्रोत र साधन समेतको समुचितव्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथावातावरणिय संतलुनकायम राख्दै दोश्रो पक्षबाट तोकिएको सडक मर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृत तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत संभार कार्य सम्पन्नगर्ने गराउने प्रतिबद्धता दोश्रो पक्षले व्यक्तगर्दछ ।

२. दोश्रो पक्षद्वारा ठेक्कावाउपभोक्ता समितिमार्फत संचालितकार्य,प्रथमपक्ष वा यसकाप्रतिनिधि वा डोलिडारले निरीक्षण, अनुगमन तथा मूल्याङ्कनगर्न सक्ने भएकोले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ । नेपाल सरकारको आधिकारिक निकायहरूबाट निरीक्षणको क्रममा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति निर्धारित मापदण्ड अनुरुप नभएको जानकारी बोर्डलाई प्राप्तभएमा बोर्डले उपलब्ध गराउने रकम रोक्कागर्न सक्नेछ ।

३. दोश्रो पक्षबाटस्वीकृत एवम् प्रथमपक्षको सहमतिअनुसारको कार्यक्रम चालु आ.व.को जेष्ठ मसान्तभित्र कम्तीमा७०% को प्रगति पेश गरी सम्झौता बमोजिमको रकमनिकासालिई सक्नुपर्नेछ ।

४. प्रथमपक्षले रकमनिकासादिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको मापदण्डको परिधिभित्ररही निकासादिने प्रतिवद्धता व्यक्तगर्दछ । यसरी निकासादिंदा पहिलो निकाशा रकमस्वीकृत बजेट अनुसार उपलब्ध गराइनेछ र बाँकी रकम संचालितकार्यक्रमको प्रगतितथा सम्झौतावा ठेक्का रकमको आधारमाहुनेछ ।

५. मासिकप्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन, खर्चको फाँटवारी लगायत अन्यआवश्यक विवरण प्रथमपक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६. सडक बोर्डको स्वीकृत एकीकृत बार्षिक योजना (IAP) अनुसारको रकममात्रप्रथमपक्षले दोश्रोपक्षलाई उपलब्ध गराउनसक्नेछ ।

७. आर्थिक बर्षभित्रविशेष वाकाबु बाहिरको परिस्थितिको कारण सवै कार्य पुरा हुननसकेको अवस्थामा सम्पन्नभएकाकार्यको मात्रखर्च लेखाङ्कनगरिनेछ । बाँकीकार्यहरु अर्को आर्थिक बर्षको कार्यक्रममा समावेश गर्न सकिनेछ ।

८. दोश्रोपक्षकोमातहतभित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले निर्दिष्ट गरेको ढाँचामा हरेक बर्षपेश गर्नु पर्नेछ । प्रथमपक्षले विवरणप्राप्त गरेपछिउपलब्ध श्रोतको आधारमा आगामीआ.व.को लागि बजेट सिलिङ्गउपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतया चालु आ.व.को श्रावण महिनाभित्रगर्नु पर्नेछ ।

९. दोश्रोपक्षले बजेट सिलिङ्ग,स्थानीय सडक मर्मत सम्भार सम्वन्धीवार्षिक कार्यक्रमको सहमतीकाआधार स्थानियनिकायले व्यहोर्नुपर्ने म्याचिङ्ग फण्ड समेत समावेश गरी चालु आ.व.को **कार्तिकमसान्त**भित्र सडक मर्मत संभारको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रथमपक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ ।

१०. कुनै कारणवश कार्यक्रम संशोधन/थपगराउनु पर्ने भएमा**वाबिशेष कारणबश कार्तिक मसान्तभित्रकार्यक्रम स्वीकृत हुननसकेको अवस्थामा**चालु आ.व.भित्रै कार्य सम्पन्नगर्ने प्रतिवद्धताका साथ ढीलोमाचालु आ.व.को **फाल्गुण मसान्त**भित्रबार्षिक/संशोधित/थपकार्यक्रम प्रथमपक्षको सहमतिको लागिपेश गर्नु पर्नेछ।

११. दोश्रो पक्षले चालु आ.व.को असाढ मसान्तभित्रखर्च गर्न नसकेको एकमुष्ट बचत रकमसडक बोर्डमाफिर्ता गर्नुपर्नेछ ।

१२. कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्नप्रतिवेदन, अन्तिम प्रगतिप्रतिवेदन, अन्तिम लेखा परिक्षणर कार्यको गुणस्तरिय भए/नभएको प्राविधिक पुष्ट्याईको विवरणका साथै मागभएका अन्यविवरणभदौ पहिलो साताभित्र प्रथमपक्षलाई उपलब्ध गराउनुपर्ने छ । उपभोक्ता समितिबाट भएको कार्यको हकमा “सडक बोर्ड निर्देशिका २०६१” माउल्लेख भएअनुसारका कागजातहरु प्रथमपक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

१३. सडक बोर्ड नेपालतथा डोलिडारको अनुगमनको क्रममा सम्बन्धितनिकायले प्राथमिकताको क्रमबाहेक अन्यकार्यमाखर्च गरेको पाइएमाआगामीबर्षको कार्यक्रममा बिनियोजित रकम घटाउन/रोक्न सक्ने छ ।

१४. कार्य सम्पादनमूल्याङ्कनको आधारमा डोलिडार वा प्रथमपक्षआफैले प्रत्येक निकायको Performanceमूल्याङ्कनगर्ने छ भन्ने दुवै पक्षलाई मञ्जुर छ ।

१५. प्रथम पक्षले दोसो पक्ष अर्थात बुद्धभूमी नगरपालिका लाई भूक्तानी गर्ने रकम नगरपालिकाको एन.एम.बैंक शाखा कार्यालय कपिलवस्तु गोरुसिंगेको हि.नं ०४४००६००५५९९७६००००००१मा उपलब्ध गराउने छ ।

**प्रथमपक्षको तर्फबाट**

नाम : इ. कृष्ण सिंह बस्नेत

पद : कार्यकारी निर्देशक

दस्तखत :

कार्यालयको छाप :

मिति :

**साक्षी :**

नाम : इ. प्रताप ज्ञवाली

पद : प्राविधिक निर्देशक

दस्तखत :

**दोश्रोपक्षको तर्फबाट**

नाम मेघनाथ पाध्या

पद :प्रमुख प्रशासकिय अधिकृत

दस्तखत :

कार्यालयको छाप :

मिति : २०७५।१०।२३

**साक्षी :**

नाम :युवराजपोखेल

पद :ईन्जिनियर

दस्तखत :